गौमुल गाउँपलिका

# स्थानीय राजपत्र

गौमुल गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ७ संख्याः२ मितिः २०८०/१०/७

## भाग-२

## गौमुल गाउँपालिका

# सहलगानी सम्बन्धी कार्यविधि, २०८०

# सहलगानी सम्बन्धी कार्यविधि, २०८०

प्रतावनाः

संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्यलाई सुदृढ बनाउँदै भौतिक तथा व्यवसायिक क्षेत्रका पूर्वाधार निर्माणमा तीनै तहको लगानी प्रवर्द्धन गरी साझा तथा एकल अधिकार सूचीका कार्यहरु सम्पन्न गर्न वान्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"सहलगानी सम्बन्धी कार्यविधि, २०८०"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"निर्देशक समिति"** भन्नाले दफा १० बमोजिमको समिति सम्झनु पर्छ।

(ख) **"प्रदेश"** भन्नाले नेपालको संविधानको अनुसूची-४ बमोजिमका प्रदेश सम्झनु पर्छ।

(ग) **"प्राविधिक समिति"** भन्नाले दफा ११ बमोजिमको समिति सम्झनु पर्छ।

(घ) **"मन्त्रालय"** भन्नाले नेपाल सरकार, अर्थ मन्त्रालय सम्झनु पर्छ।

(ङ) **"सहलगानीको क्षेत्र"** भन्नाले यस कार्यविधिको दफा ३ बमोजिमको क्षेत्रमा गरिने लगानी सम्झनु पर्छ।

(च) **"स्थानीय तह"** भन्नाले गौमुल गाउँपालिकालाई सम्झनु पर्छ।

## परिच्छेद - २
## सहलगानीका क्षेत्र

३. **सहलगानीका क्षेत्रहरूः** (१) संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा देहायका क्षेत्रका आयोजनामा सहलगानी गर्न सकिनेछः-

(क) सुरूङ्ग मार्ग, सडक, पुल, फ्लाइओभर र विमानस्थल निर्माण,

(ख) मेट्रोरेल, मोनोरेल, केवल कार, रोपवे र आन्तरिक जल यातायात निर्माण तथा सञ्चालन,

(ग) जलविद्युत, सौर्यउर्जा, वायुउर्जा तथा अन्य वैकल्पिक उर्जा उत्पादन,

(घ) भूमि बैङ्क स्थापना र सञ्चालन,

(ङ) खानीजन्य वस्तुको उत्खनन तथा प्रशोधन,

(च) कृषि तथा वनजन्य वस्तुहरुको व्यवसायिक उत्पादन, प्रशोधन तथा भण्डारण,

(छ) फोहोरमैलाको व्यवसायिक व्यवस्थापन,

(ज) सामुदायिक विद्युतीकरण (प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण, काठका पोल हटाउने समेत),

(झ) आवास योजना, स्मार्ट सिटी, सिटी हल तथा प्रदर्शनी केन्द्र निर्माण,

(ञ) व्यवसायिक एकिकृत वस्ती विकास र स्थानान्तरणसँग सम्बन्धित पूर्वाधार (आवास योजना समेत) निर्माण,

(ट) प्रत्यक्ष रुपमा आम्दानी प्राप्त गर्न र संचालन खर्च व्यवस्थापन गर्न सक्ने पर्यटन पूर्वाधार तथा औद्योगिक पूर्वाधार निर्माण,

(ट) निर्देशक समितिले तोकेको अन्य क्षेत्र।

## परिच्छेद- ३
## सहलगानीको आयोजना छनौट, कार्यान्वयन र सञ्चालन

४. **आयोजना पेश गर्नुपर्नेः** (१) दफा ३ बमोजिमको क्षेत्रमा सहलगानी गर्न संघ, प्रदेश वा स्थानीय तहले अनुसूची-१ बमोजिमको ढाँचामा विवरण तयार गरी प्रत्येक वर्षको कार्तिक मसान्तभित्र एक/एक प्रति नेपाल सरकारको सम्बन्धित मन्त्रालय र राष्ट्रिय योजना आयोगमा रहेको आयोजना बैंकमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सहलगानीमा सञ्चालन हुने आयोजना पेश गर्दा समानीकरण, सशर्त, विशेष र समपुरक अनुदानमा सञ्चालन गर्ने गरी छनौट भएका आयोजनासँग दोहोरो नपर्ने गरी पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको विवरण प्राविधिक समितिले छानविन गरी अनुसूची-२ बमोजिमको ढाँचामा प्रत्येक आर्थिक बर्षको पुस मसान्तभित्र निर्देशक समितिमा पेश गर्नु पर्नेछ ।

५. **आयोजनाको छनौटः** (१) प्राविधिक समितिबाट सम्भाव्यता हेरी थप विश्लेषण सहित सहलगानीका लागि सिफारिस भई आएका आयोजनामध्येबाट स्रोतको अनुमान गरी निर्देशक समितिले आयोजना छनौट गर्नेछ।

(२) निर्देशक समितिले सहलगानीमा सञ्चालन हुने आयोजना छनौट गर्दा देहाय बमोजिमका आधारमा गर्नु पर्नेछः -

(क) उच्च आर्थिक वृद्धि, रोजगारी सिर्जना र गरीवी निवारणमा सहयोग पुग्ने,

(ख) विकासका दृष्टिले प्रदेश र स्थानीय तहमा सन्तुलन कायम गर्ने र संघमा प्रदेश र स्थानीय तहको परनिर्भरतालाई घटाउने,

(ग) स्थानीय स्रोत, साधन र अवसरको उपयोग गर्ने,

(३) निर्देशक समितिले उपदफा (२) बमोजिम आयोजना छनौट गर्दा फाल्गुण मसान्तभित्र छनौट गरिसक्नु पर्नेछ।

तर आर्थिक वर्ष २०७७।७८ मा सहलगानीमा कार्यान्वयन गर्ने गरी बजेटमा प्रस्तावित भएका र अन्य आयोजनाको हकमा कार्तिक मसान्तभित्र आयोजना छनौट गरिसक्नु पर्नेछ।

(४) आयोजना छनौट गर्दा राष्ट्रिय योजना आयोगमा रहेको आयोजना बैंकमा सुचिकृत भएका आयोजनाबाटै सम्भाव्यता अध्ययन गरी छनौट गरिनेछ ।

(५) आयोजना छनौट गर्दा विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाईन, जग्गा प्राप्ति, वातावरणीय प्रभाव मूल्याङ्कन लगायतका पूर्व तयारीहरू पूरा भएकोलाई प्राथमिकता दिनु पर्नेछ ।

६. **<u>आयोजना कार्यान्वयनः</u>** (१) सहलगानीका लागि छनौट भएका आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन हुनेछ।

(२) सहलगानीका आयोजना कार्यान्वयन गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा अन्य कानूनको पालना गर्नु पर्नेछ।

(३) सहलगानीको लागि छनौट भएका आयोजना कार्यान्वयन गर्न आवश्यक पर्ने वार्षिक कार्यक्रम र खरिद गुरूयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले तयार गर्नु पर्नेछ।

(४) आयोजना कार्यान्वयन पूर्व विस्तृत आयोजना प्रतिवेदन र प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार भएको हुनु पर्नेछ।

७. **<u>आयोजना कार्यान्वयन गर्नुपर्ने अवधिः</u>** (१) प्रदेश वा स्थानीय तहले सहलगानीमा सञ्चालन गर्ने गरी छनौट गरेका आयोजनाको कार्यान्वयन गर्नुपर्ने अवधि बढीमा पाँच बर्षको हुनेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र आयोजना सम्पन्न नभएमा बाँकी कार्यको लागि नेपाल सरकारले थप रकम उपलब्ध गराउने छैन।

तर प्रतिकूल अवस्था सृजना भई आयोजनाको कार्य सञ्चालनमा बाधा परेको अवस्थामा सो अवधिलाई गणना गरिने छैन।

८. **अनुगमन तथा प्रतिवेदनः** (१) सम्बन्धित प्रदेश वा स्थानीय तह तथा प्राविधिक समितिले सहलगानीमा सञ्चालन हुने आयोजनाको आवश्यकता अनुसार अनुगमन गरी निर्देशक समिति समक्ष त्रैमासिक रूपमा प्रतिवेदन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन स्थानीय तहले सम्बन्धित जिल्ला समन्वय समितिमा समेत पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम हुने अनुगमन प्रतिवेदनको ढाँचा अनुसूची-३ बमोजिम हुनेछ।

(४) अनुगमन प्रतिवेदनको आधारमा निर्देशक समितिले आयोजनाको कामको सन्दर्भमा सम्बन्धित तहलाई थप निर्देशन दिन सक्नेछ।

९. **आयोजना सञ्चालनः** सहलगानीमा तयार भएका आयोजनाको सञ्चालन, व्यवस्थापन र सामान्य मर्मत सम्भार गर्ने जिम्मेवारी आयोजना सञ्चालन गर्ने सम्बन्धित प्रदेश वा स्थानीय तहको हुनेछ।

## परिच्छेद- ४
## संस्थागत व्यवस्था

१०. **निर्देशक समितिः** (१) सहलगानीमा सञ्चालन हुने आयोजनाको आवश्यकता, छनौट र कार्यान्वयनका लागि समन्वय र सहजीकरण गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

(क) राष्ट्रिय योजना आयोगको उपाध्यक्ष वा निजले तोकेको सदस्य - संयोजक
(ख) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य
(ग) सचिव, राष्ट्रिय योजना आयोग - सदस्य
(घ) सचिव, मन्त्रालय - सदस्य
(ङ) सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य
(च) सह-सचिव, मन्त्रालयको वित्तीय संघीयता विषय हेर्ने - सदस्य-सचिव

(२) समितिको बैठकमा आवश्यकता अनुसार विषयगत पदाधिकारी वा विज्ञलाई आमन्त्रण गर्न सकिने छ।

(३) निर्देशक समितिको कार्य सञ्चालन विधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) निर्देशक समितिको बैठक वर्षमा कम्तीमा तीन पटक र आवश्यकता अनुसार बस्न सक्नेछ।

(५) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः -

(क) आयोजनाको उपयुक्तताको आधारमा प्राथमिकीकरण र छनौट गर्ने,

(ख) आयोजनाको लागि आवश्यक पर्ने स्रोत विश्लेषण गरी स्रोत व्यवस्थापन गर्न सिफारिश गर्ने,

(ग) सहलगानीमा निर्माण हुने आयोजनाको लागि आवश्यक बजेट विनियोजनको लागि प्रस्ताव गर्ने,

(घ) संघ, प्रदेश र स्थानीय तहबाट सहलगानीमा सञ्चालन हुने आयोजनाको लागि लगानीको अनुपात तोक्ने,

(ङ) आयोजना कार्यान्वयनको चरणमा आउन सक्ने समस्या समाधान गर्न मार्ग निर्देशन गर्ने,

(च) सहलगानीका विषयमा संघ, प्रदेश र स्थानीय तहवीच समन्वय गर्ने।

**११. <u>प्राविधिक समितिः</u>** (१) सहलगानीबाट सञ्चालन हुने आयोजनाको प्राथमिकीकरण गरी स्वीकृतिका लागि निर्देशक समिति समक्ष सिफारिस गर्न नेपाल सरकारको विषयगत मन्त्रालयमा देहाय बमोजिमको एक प्राविधिक समिति रहनेछः-

(क) नेपाल सरकारको विषयगत मन्त्रालयको सचिव - संयोजक

(ख) प्रदेश सरकारको विषयगत मन्त्रालयको सचिव - सदस्य

(ग) राष्ट्रिय योजना आयोगको सचिवालयको विषयगत क्षेत्र हेर्ने सहसचिव - सदस्य

(घ) संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको सहसचिव - सदस्य

(ङ) गाउँपालिका महासंघको अध्यक्ष वा प्रतिनिधि - सदस्य

(च) नेपाल सरकारको विषयगत मन्त्रालयको विषयगत क्षेत्र हेर्ने सहसचिव - सदस्य-सचिव

(२) प्राविधिक समितिको बैठकमा आवश्यकता अनुसार विज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।

(३) प्राविधिक समितिको बैठक कम्तीमा वर्षको तीन पटक र आवश्यकता अनुसार बस्न सक्नेछ।

(४) प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सहलगानीबाट सञ्चालन हुने आयोजनाको विस्तृत विवरण तयार गर्ने,

(ख) मापदण्ड पुगेका आयोजनाको प्राथमिकीकरण, लाभ, लागत, समय र परिणामको विश्लेषण गरी स्रोत व्यवस्थापनको ढाँचा समेत यकिन गरी निर्देशक समितिमा सिफारिस गर्ने,

(ग) आयोजनाको स्थलगत सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने।

१२. **सहलगानीको मापदण्डः** सहलगानीको मापदण्ड देहाय बमोजिम हुनेछः-

(क) संघ, प्रदेश र स्थानीय तहको साझा उद्देश्य पूरा गर्न सहयोग पुग्ने,

(ख) आर्थिक तथा वित्तीय रुपमा सम्भाव्य भएको हुनु पर्ने,

(ग) सहलगानीको लागि संघ, प्रदेश र स्थानीय तहको सामर्थ्य भएको हुनु पर्ने,

(घ) स्थानीय तहको हकमा गाउँ/नगरपालिकामा बीस करोड रुपैयाँ तथा उप/महानगरपालिकामा पचास करोड रुपैयाँ र प्रदेश तहको हकमा एक अर्ब रूपैयाँ नयूनतम लागत भएको आयोजना हुनु पर्ने।

## परिच्छेद - ५

## स्रोत व्यवस्थापन

१३. **स्रोत व्यवस्थापनः** (१) सहलगानीको लागि संघ, प्रदेश र स्थानीय तहबाट निर्देशक समितिले तोकेको अनुपातमा छुट्टा-छुट्टै रकम विनियोजन गर्नु पर्नेछ।

(२) सहलगानी स्वरुप लगानी गरिने रकम वार्षिक कार्यक्रममा समावेश गरी वित्तीय व्यवस्थापन शीर्षक अन्तर्गत नेपाल सरकारबाट सम्बन्धित प्रदेशमा हस्तान्तरण गरिनेछ।

(३) सहलगानीको लागि प्रदेश वा स्थानीय तहले गर्ने लगानीको अंश सोही रूपमा वित्तीय हस्तान्तरण हुने आयोजनामा लगानी गर्नु पर्नेछ।

१४. **थप लगानीः** (१) सहलगानीमा छनौट भएका आयोजना कार्यान्वयनको क्रममा कुनै प्रदेश वा स्थानीय तहबाट हुने लगानी नपुग भएको अवस्थामा त्यस्तो आयोजनामा निर्देशक समितिको सिफारिसका आधारमा नेपाल सरकारले थप लगानी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आयोजनामा लगानी गर्न स्रोत नपुग हुने स्थानीय तहको पहिचान गर्दा निर्देशक समितिले स्रोत विश्लेषण, वार्षिक कार्यक्रम, खर्चको फाँटवारी र भौतिक प्रगति समेतलाई आधार लिनु पर्नेछ ।

## परिच्छेद- ६

## विविध

१५. **बाधा अड्काउ फुकाउने अधिकारः** यो कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध आएमा वा अस्पष्टता भएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले यस कार्यविधिको आवश्यकता अनुसार व्याख्या गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

१६. **<u>कानून बाझिएमाः</u>** यो कार्यविधिमा लेखिएका कुनै कुरा प्रचलित कानूनसँग बाझिएको हदसम्म प्रचलित कानूनको व्यवस्था नै मान्य हुनेछ।

१७. **<u>कार्यविधिमा संशोधनः</u>** यस कार्यविधिका प्रावधानमा नेपाल सरकारले आवश्यक संशोधन गर्न सक्नेछ।

## अनुसूची - १

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**सहलगानीको आयोजना प्राविधिक समितिमा पेश गर्दा खुलाउनु पर्ने विवरणः-**

(क) आयोजनाको विस्तृत विवरण,

(ख) आयोजनाका विशेषता,

(ग) आयोजनाको कार्यान्वयन ढाँचाको विवरण,

(घ) आयोजना कार्यान्वयन गर्न सम्भव र उपयुक्त देखिएका (प्राविधिक/वित्तीय) आधार,

(ङ) आयोजनाको कार्यान्वयनबाट प्राप्त हुने प्रतिफल एवं लाभ र किसिम,

(च) आयोजना कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहबीच हुने सहलगानीको प्रतिशतः

(१) नेपाल सरकार -

(२) प्रदेश -

(३) स्थानीय तह -

(छ) सम्बन्धित तहबाट आयोजनामा हुने लगानी सुनिश्चितता सहितको पत्र,

(ज) आयोजनाको सर्वेक्षण भए वा नभएको र सर्वेक्षण भएको भए त्यसको अनुमानित लागत,

(झ) एकै प्रकृतिका एक भन्दा बढी आयोजनाको कार्यान्वयन गर्ने भए त्यस्ता आयोजनाको प्राथमिकता,

(ञ) अन्य आवश्यक विवरण।

# अनुसूची-२

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

**प्राविधिक समितिले सहलगानीबाट सञ्चालन गरिने आयोजना छनौट गर्न निर्देशक समितिमा प्रस्ताव गर्ने ढाँचाः-**

१. प्रस्ताव गर्ने तहको नामः

२. ठेगानाः

३. फोन/फ्याक्स/इमेलः

४. आयोजनाको नामः

५. आयोजना कार्यान्वयन गर्ने स्थानः

६. आयोजनाको अनुमानित कुल लागतः

७. आयोजनाबाट प्राप्त हुने प्रतिफलः

८. आयोजनाबाट सिर्जना हुने रोजगारीः

९. सम्बन्धित आयोजनाबाट लाभान्वित हुने जनसंख्या र क्षेत्रः

१०. आयोजना सम्पन्न गर्न लाग्ने अनुमानित समयः

११. आयोजनाको कुल लागतमा तहगत लगानीको हिस्सा वा रकमः

(क) संघः

(ख) प्रदेशः

(ग) स्थानीय तहः

१२. संलग्न आवश्यक कागजातहरूः

(क) आयोजनाको सम्भाव्यता अध्ययन (फिजिबिलिटि स्टडी) प्रतिवेदन,

(ख) आयोजनाको ड्रइङ, डिजाइन, स्पेशिफिकेशन सहितको विस्तृत विवरण,

(ग) आयोजनाबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभको अनुमानित विवरण,

(घ) प्रचलित कानून बमोजिम आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन,

(ङ) आयोजना कार्यान्वयन गर्ने कार्ययोजना,

(च) अन्य विवरण तथा कागजातहरू।

| **संयोजक** | **सदस्य-सचिव** |
|---|---|
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

## अनुसूची - ३

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

## अनुगमन प्रतिवेदनको ढाँचा

१. आयोजनाको नाम:

२. आयोजना कार्यान्वयन गर्ने निकाय:

३. वार्षिक बजेट:

रू.हजारमा

| बजेट रकम | वैदेशिक सहायता | | नेपाल सरकार | प्रदेश | स्थानीय तह | जम्मा |
|---|---|---|---|---|---|---|
| | ऋण | अनुदान | | | | |
| चालु | | | | | | |
| पूँजीगत | | | | | | |
| जम्मा | | | | | | |

४. आयोजनाको शुरू वर्ष :

५. आयोजना सम्पन्न हुनुपर्ने वर्ष :

६. आयोजनाको शुरू लागत रकम :

७. आयोजनाको परामर्शदाता (भएमा) :

८. आयोजना प्रमुखको नामः सम्पर्क टेलिफोन नं.:

९. आयोजना प्रमुखसँग कार्यसम्पादन करार भएको वा नभएको :

१०. अनुगमन/भ्रमण मितिः

११. अख्तियारी प्राप्त भएको र आयोजना स्वीकृत भएको मिति :

१२. ठेक्का पट्टा सम्झौताको अवस्था : बहुवर्षीय ☐ वार्षिक ☐

१३. जम्मा ठेक्कापट्टा हुनुपर्ने संख्या : ठेक्कापट्टा भएको संख्या:

१४. ठेक्का हुन बाँकी भए सो को कारण :

१५. चालू आर्थिक वर्षमा यस अघि भएको अनुगमन संख्या र अनुगमन गर्ने निकाय:

सम्बन्धित कार्यालय/विभागबाट अनुगमन भएको ☐ नभएको ☐

सम्बन्धित मन्त्रालयबाट अनुगमन भएको ☐ नभएको ☐

अन्य निकायबाट अनुगमन भएको ☐ नभएको ☐

१६. अनुगमन गर्ने पदाधिकारीबाट दिइएका मुख्य सुझावहरु:

१७. वित्तीय तथा भौतिक प्रगति विवरण :

## अनुगमन अवधि: मासिक/चौमासिक/वार्षिक

| सि.नं. | क्रियाकलाप | लक्ष्य | | प्रगति | | प्रगति प्रतिशत | | | | आयोजनाको हालसम्मको प्रगति | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वित्तीय | भौतिक | वित्तीय | भौतिक | वित्तीय | | भौतिक | | | |
| | | (बजेट अनुमान रु करोड) | (परिमाण) | (बजेट खर्च) | (परिमाण) | महिनासम्मको लक्ष्यको तुलनामा | वार्षिक बजेटको तुलनामा | महिनासम्मको लक्ष्यको तुलनामा | वार्षिक लक्ष्यको तुलनामा | वित्तीय | भौतिक |
| १ | सार्वजनिक निर्माण | | | | | | | | | | |
| २ | पूँजीगत अध्ययन तथा परामर्श | | | | | | | | | | |
| | | | | | | | | | | | |

१८. आयोजनाको हालसम्म भएको खर्च:

१९. आयोजनाको हालसम्मको प्रगतिः भौतिक: वित्तीय:

२०. आयोजनाको बाँकी अवधिको लागि लाग्ने अनुमानित रकम:

२१. सोधभर्ना लिन बाँकी रकम:

२२. आयोजना कार्यान्वयनमा देखिएका समस्याहरु:

२३. समस्याका कारणहरु:

२४. समस्या समाधान गर्न आयोजना तथा सम्बन्धित तहबाट भएको प्रयास:

२५. समस्या समाधान गर्ने जिम्मेवार निकाय/पदाधिकारी :

२६. दिइएका सुझावहरुमा आयोजना प्रमुखको प्रतिक्रियाः

२७. अनुगमन गर्ने पदाधिकारीहरुको नाम :
दर्जा :
दस्तखत :
मिति :

आज्ञाले,
जगदिश प्रसाद भट्ट
प्रमुख प्रशासकीय अधिकृत